स्थानीय सरकार
Local Government
# गौर नगरपालिका
# Gaur Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

गौर,रौतहट
Gaur,Rautahat
मधेश प्रदेश , नेपाल
Madhesh Province, Nepal

पत्र संख्या:२०८१/०८२

चलानी नं.

मितिः वि.सं.२०८१/१०/२३

ने.सं.११४५ सिल्लाथ्व,८ बुधवार

**विषयः-** HPV (एच.पी.भी.) खोप लगाउने बारे सन्देश।

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) हाम्रो देशमा जनस्वास्थ्यको समस्याको रुपमा देखिएको छ ।यसको मुख्य कारण Human Papilloma Virus (एच.पी.भी.) को संक्रमण हुनु हो । नेपालमा एक वर्षमा २१६९ जना महिला लाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यसबाट हरेक वर्ष १३१३ जना (औसतमा प्रत्येक दिन ४ जना) महिलाहरुको मृत्यु हुन्छ ।महिलाहरुमा हुने विभिन्न प्रकारका क्यान्सरहरु मध्ये पाठेघरको मुखको क्यान्सर दोश्रो मुख्य कारण रहेको छ र क्यान्सर बाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ ।यो रोग विरुद्धको खोप लगाएमा एच.पी.भी. भाइरसको संक्रमण हुन बाट सुरक्षित हुन सकिन्छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अभियानको रुपमा विधालयको कक्षा ६ देखि १० कक्षामा पढने छात्राहरु लाई र विधालय न जाने १० देखि १४ वर्ष सम्म उमेरका किशोरीहरु लाई लक्षित गरेर यो खोप प्रदान गरी भविष्यमा पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्ने लक्ष्य लिएको छ । सोही अनुरुप यस गौर नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा विधालयहरुमा मिति २०८१ साल माघ ३० गते देखि फाल्गुन ६ गते सम्म स्वास्थ्यकर्मीहरु द्वारा खोप केन्द्र संचालन गरी खोप दिने कार्यक्रम रहेकोले उक्त उमेर समूहका सम्पूर्ण छात्राहरुले खोप लिनु हुन तथा शिक्षकहरु,समाजसेवीहरु,जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुले आवश्यक सहयोग गरी कार्यक्रम सफल बनाई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

(शम्भु साह)
नगर प्रमुख

फोननं. :-०५५-५२०२९४ (नगर प्रमुख) ५२०८९३ (उप-प्रमुख) ५२१६३४ (प्रशासन शाखा)५२०८९४ (आर्थिक प्रशासन शाखा)५२०२९३ (स्वास्थ्य शाखा) ५२०३२४ (वारुणयन्त्र) १६६०५५५२००२(टोल फ्री नं), www.gaurmun.gov.np, Email:- gaurnapa@gmail.com,info@gaurmun.gov.np

“हाम्रो अभियान समृद्धि,विकास र गौर नगरको श्रेष्ठ पहिचान”